# हिलिहाङ गाउँपालिका

# गाउँसभाको १६ औं अधिवेशनमा गाउँपालिक उपाध्यक्षद्वारा प्रस्तुत

# आ.व. २०८१/०८२ को बजेट वक्तव्य

हिलिहाङ गाउँपालिका

गाउँकार्यपालिकको कार्यालय

पञ्चमी, पाँचथर

कोशी प्रदेश, नेपाल

**सभाध्यक्ष ज्यु,**

**सभा सदस्य ज्युहरु,**
**सभा सचिव ज्यु,**
**राष्ट्रसेवक कर्मचारीहरु,**
**गाउँपालिकको १६ औँ गाउँसभामा स्वागत एवम् सम्मान व्यक्त गर्दछु**

१. यस अवसरमा राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक-पटक गर्दै साथै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यबस्था स्थापनाको लागि ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात महान सहिदहरुलाई म स्मरण गर्न चाहान्छु । जनअधिकार र राजनीतिक परिबर्तनका लागि आफ्नो अमूल्य जीबन बलिदान गर्ने महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु ।

२. हिलिहाङ गाउँपालिकाको समग्र क्षेत्रहरु आर्थिक, सामाजिक धार्मिक ऐतिहासिक महत्वका पर्यटकीय क्षेत्रहरुको विकास, विस्तार र संरक्षणका साथै मानवीय जीवनमा अत्यावश्यक पक्षहरु शिक्षा स्वस्थ्य कृषि पुर्वाधार क्षेत्रको विकासका लागि गाउँसभा बाट पारित बार्षिक नीति तथा कार्यक्रमलाई मुर्तरुप दिन आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रमलाई यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी व्यक्त गर्दछु । यस गाउँपालिकालाई समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न हामी सबैको जिम्मेवारी हो ।

३. यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, नेपाल सरकार, कोशी प्रदेश सरकार र हिलिहाङ गाउँपालिकाका ऐन नियम कार्यविधि तथा निर्देशिका, १५ औँ पञ्च वर्षिय आवधिक योजना स्थानीय तह बजेट तर्जुमा दिग्दर्न दीगो विकासको लक्ष्य हिलिहाङ गाउँपालिकाको आवधिक योजना र हिलिहाङ गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेर बनाएको छु ।

४. प्रस्तुत बजेट पुर्णरुपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाले लिएको नारा **कृषि, उर्जा, पर्यटन, र प्रविधि हिलिहाङ गाउँपालिकको समृद्धि** साकार हुने कुरा म विश्वस्त छु ।

**५.** आगामी आर्थिक बर्ष २०८१/०८२ को आय-व्यय अनुमान गर्दा आर्थिक मितव्यिता, कार्यान्वयन क्षमता, विकासका आवश्यकता र आम हिलिहाङ वासीका आकाक्षा पुर गर्न गाउँपालिककालाई संघ प्रदेश सरकारबाट प्राप्त सबै प्रकारका अनुदान र गाउँपालिकाको आफ्नो आन्तरिक स्रोत परिचालन गरी उत्पादन र रोजगारी अभिवृद्धि गर्ने जनतालाई तत्काल सेवा तथा विकासको प्रतिफत प्राप्त हन सक्ने योजना कार्यक्रम छनौट गरी सञ्चालनमा ल्याउन सकिने योजनाहरु कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**६.** संघीय सरकार र कोशी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र सामाजिक सुरक्षा मा प्राप्त अनुदानलाई सम्बन्धित कार्यक्रम मै खर्च गर्ने व्यवस्था मिलाएको छु ।

## चालु आर्थिक वर्ष २०८०/०८१ को बजेटको समिक्षा

**सभाध्यक्षज्यू, सभासदस्यज्यूहरु,**

७. अब म चालु आर्थिक वर्ष २०८०/०८१ को स्रोतगत बजेट आम्दानी तथा खर्च लगाएत हाल सम्म आय-व्ययको प्रगती सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

क. चालु आर्थिक वर्ष २०८०/०८१ को लागि कुल बजेट स्वीकृत गर्दा रु ५२ करोड १ लाख ८० हजार ७ सय ६० रुपैँया अनुमान गरिएकोमा हाल सम्म असार १० गते सम्म आय तर्फ रु रु ४४ करोड ५२ लाख ९५ हजार ८ सय ३९ रुपैँया २० पैँसा (८५.६%) गाउँपालिकको संञ्चित कोषमा प्राप्त भएको छ ।

ख. चालु तर्फ रु ३५ करोड १३ लाख ३६ हजार २ सय ४६ रुपैँया खर्च अनुमान गरिएकोमा हाल सम्म रु २१ करोड ७४ लाख २७ हजार १ सय ५४ रुपैँया ८ पैँसा (६१.८९%) खर्च भएको छ ।

ग. यसै गरी पूँजीगत खर्च तर्फ रु १६ करोड ८८ लाख ४४ हजार ५ सय १४ रुपैँया अनुमान गरिएको मा हाल सम्म रु ६ करोड १० लाख ६१ हजार ५९ रुपैँया ५३ पैँसा (३६.१५%) खर्च भएको छ ।

८. चालु आर्थिक २०८०/०८१ को स्वीकृत बजेट र २०८१ असार १० गते सम्मको आय र व्ययक विवरण निम्न अनुसार प्रस्तुत गरेको छु ।

९. चालु आर्थिक वर्ष २०८०/०८१ को गाउँपालिकको आन्तरिक आय तर्फ रु ८९ लाख अनुमान गरिएकोमा २०८१ असार १० गते सम्ममा जम्मा रु ४७ लाख ९६ हजार ४ सय ५५ रुपैँया ८ पैँसा आन्तरिक आय जम्मा भएको छ ।

१०.उल्लेखित विवरण अनुसार हाल २०८१ असार १० गते सम्मको हिलिहाङ गाउँपालिकाले प्राप्त वित्तीय प्रगति अनुसार संघीय अनुदान तर्फ चालु र पूँजीगत गरी ९०.७९ प्रतिशत, कोशी प्रदेश अनुदान तर्फ चालु र पूँजीगत गरी १०० प्रतिशत त्यसै गरी संघीय र प्रदेशको राजश्व बाँडफाँडबाट प्राप्त अनुदान तर्फ ७८.०३ प्रतिशत प्राप्त भएको देखिएको छ । चालु आर्थिक वर्ष २०८०/०८१ को प्रस्तावित अनुमान रु ५२ करोड १ लाख ८० हजार ७ सय ६० रुपैँया अनुमान गरिएको हालसम्म (असार १० गते सम्म) आय तर्फ रु रु ४६ करोड ८३ लाख ४५ हजार २ सय १२ रुपैँया ७९ पैसा (९०.०३%) गाउँपालिकको संचितको कोषमा प्राप्त भएको छ ।

११.गाउँपालिकाबाट प्रवाहा हुने सेवाहरु थप प्रभावकारी नतिजामुखी सेवाग्राहीमैत्री बनाउनको लागि राष्ट्र सेवक कर्मचारी निरन्तर कार्यरत रहेका छन ।

१२.नेपाल सरकारबाट प्राप्त निसर्त अनुदान हरेक वर्ष घट्दो क्रममा रहेको हामी सबैलाई सर्वविदितै छ यस सन्दर्भमा आन्तरिक आय वृद्धि गर्ने दीगो र स्थायी स्रोतको रुपमा रहेकोले आन्तरिक आयलाई चुहावट नियन्त्रण तथा संकलनमा लाई प्रभावकरी बनाउन नीति तथा कार्यक्रममा नै तर्जुमा गरिएको छ सोको लागि आवश्क बजेट विनियोजन गरेको छु ।

१३. वातावरणमैत्री विकास नै दीगो विकासको मुख्य आधार भएकाले गाउँपालिकालाई वातावरणमैत्री स्थानीय शासन अवलम्वन गर्ने उद्देश्य अनुरुप उचित संरक्षण संवर्द्धन कार्यको लागि बजेटको व्यवस्था गरेको छु ।

सभाध्यक्षज्यू,

१४. अब म यस सम्मानित सभा समक्ष आ.व. २०८१/०८२ को बजेटले लिएका उदेश्य तथा प्राथिकताहरुलाई निम्ना अनुसार राख्ने अनुमती चाहान्छु ।

**बजेटका उदेश्यहरु**

क. गाउँपालिकको स्थायी दीगो र एकीकृत विकास प्रक्रियाकव प्रभाकारीताअभिवृद्धि गर्ने ।

ख. कृषि, उर्जा, पर्यटन, र प्रविधि हिलिहाङ गाउँपालिकको समृद्धि साकार गर्ने ।

ग. समसामयिक प्रविधिमैत्री स्थानीय शासनको व्यवस्था गर्ने सुखी, समृद्ध र आत्मनिर्भर हिलिहाङ गाउँपालिका स्थापना गर्ने ।

घ. स्थानीय जनताको स्वत:स्फुर्त र सक्रिय सहभागिता अभिवृद्धि गर्दै योजना र विकास प्रक्रियामा स्थानीय सहभागिता अभिवृद्धि गरी शान्ती, सुशासन, लोकतन्त्र, मानव अधिकारलाई बलियो बनाउने स्थानीय स्तरमै रोजगारीको सम्भाव्यता अध्ययन गरी युवाहरुलाई स्वरोजगार वृद्धि गर्ने ।

ङ. हिलिहाङ गाउँपालिकको आगामी आ.व देखी लागुहुने दोश्रो पञ्च वर्षीय गाउँपालिका आवधिक योजना बजेटको आन्तरिकीकरण गर्ने । उपलब्ध स्रोत र साधनलाई उत्पादनशिल क्षेत्रमा परिचालन गर्दे आय र रोजगारीको अवसर सृजना गरी गरिबी न्यूनिकरणमा जोड दिने ।

च. लैङ्गिक हिंसा अन्त्य, लैङ्गिक समानता, समावेशी सामाजिक व्यवस्था असहाय अशक्त अपाङ्गता भएका व्यक्ति तथा विपन्न परिवार, दलित, आदिवासी जनजाती, सिमान्तकृत जाती सबै वर्ग र तहका समुदायहरुको जीवनयापनक सहजता कायम गर्ने ।

छ. आर्थिक र सामाजिक पूर्वाधारहरुको विकास गरी समृद्ध हिलिहाङ गाउँपालिकाको आधार तय गरी सर्बसुलभ तथा गुणस्तरीय सेवा प्रबाह गर्ने ।

ज. स्थानीय स्तरका सडकहरुको स्तरोन्नति, पर्यटन पूर्बाधार विकास र भवनहरुको निर्माण गर्ने ।

१५. उल्लेखित उदेश्यहरु परिपुर्ति गर्न बजेटमा निम्न बमोजिम प्राथिमकताहरु निर्धारण गरेको गरको छु ।

क. स्थानीय स्रोत साधान उपयोग गरी सुशासन तथा सन्तुलित विकास गर्ने

ख. कृषी तथा पशुपालन क्षेत्रमा लागानी वृद्धि गरी कृषी उपजमा आत्मनिर्भर बनाउने ।

ग. स्थानीय पूर्वाधार विकास सुदृढिकरण गर्ने ।

घ. महिला सशक्तिकरण तथा आयआर्जन सम्बन्धी कार्यक्रम मार्फत सामाजिक रुपान्तरणमा सहयोग गर्ने ।

ङ. दीगो विकास लक्ष्य तीनै तहका आवधिक योजनालाई स्थानीय तहमा आन्तरिकिकरण गर्ने ।

**सभाध्यक्षज्यू, तथा सभाका सदस्यज्यूहरु**

१६. अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भई गाउँ कार्यपालिकाको निर्णय अनुसार कायम हुन आएको शिर्षकगत आय विवरण प्रस्तुत गर्न चाहान्छु ।

१७. चालु आ.व. मा कुल बजेट रु ४८ करोड ८२ लाख २५ हजार मध्ये चालु तर्फ रु ३७ करोड ७१ लाख ७२ हजार र पूँजीगत तर्फ रु १३ करोड १० लाख ५३ हजार विनियोजन गरेको छु ।

**१८. आ.व. २०८१/०८२ को प्रस्तावित आय अनुमान**

| सि.नं. | अनुदान शिर्षक | श्रोत | अनुमानित बजेट |
|---|---|---|---|
| १. | आन्तरिक आय | आन्तरिक श्रोत | ८९ लाख |
| २. | वित्तीय समानिकरण अनुदान | संघीय सरकार | ९ करोड ४३ लाख |
| ३. | राजश्व बाँडफाँड | संघीय सरकार | ९ करोड ११ लाख |
| ४. | सशर्त अनुदान | संघीय सरकार | २३ करोड २८ लाख १७ हजार |
| ५. | विषेश अनुदान | संघीय सरकार | ८० लाख |
| ६. | वित्तीय समानिकरण अनुदान | प्रदेश सरकार | ५७ लाख ६६ हजार |
| ७. | राजश्व बाँडफाँड | प्रदेश सरकार | ३८ लाख ४ हजार |
| ८. | सशर्त अनुदान | प्रदेश सरकार | ६४ लाख ९८ हजार |
| ९. | समपुरक अनुदान | प्रदेश सरकार | १ करोड |
| १०. | अनुमानित नगद मौज्दात अ ल्या रकम | स्थानीय सञ्चित कोष | २ करोड ७० लाख ४० हजार |
| कुल अनुमानित बजेट | | | ४८ करोड ८२ लाख २५ हजार |

**आ.व. २०८१/०८२ को लागि प्रस्तावित खर्चको अनुमान (अनिवार्य दायित्व)**

| क्र.स. | क्षेत्रगत विषयहरु | आ.व. २०८१/०८२ को प्रस्तावित खर्च |
|---|---|---|
| १. | प्रदेश समपुरक अनुदान (२ नं. वडा कार्यालयको लागि) | ४३ लाख |
| २. | समपुरक कोष अन्य प्रयोजन | १० लाख |
| ३. | सिद्ध मा.वि पालिका समपुरक दायित्व | २० लाख |
| ४. | सिंहपुर पशुपति मा.वि. भवन सिर्जित दायित्व | ३२ लाख |
| ५. | ७ नं. वडा भवन सिर्जित दायित्व | ३ लाख |
| ६. | प्रशासकीय भवन निर्माण आयोजनाको लागि | २ करोड |
| ७. | अमरपुर स्वास्थ्य चौकी अपुग रकम | १० लाख |
| ८ | पाँच शैया अस्पताल निर्माण | ३ करोड |

| | | |
|---|---|---|
| ९ | कार्यालय सञ्चालन तर्फ | ६ करोड ६९ लाख ६० हजार |
| १० | गाउँपालिका अस्थायी भवन मर्मत | ५ लाख |
| ११ | प्रकोप व्यवस्थापन कोष | २५ लाख |
| १२ | अन्य आर्थिक सहायता | २० लाख |
| १३ | आकस्मिक कोषको लागि | १५ लाख |
| १४ | विविध कोष | १० लाख |
| १५ | दीगो विकासका लक्ष्य/ अन्तराष्ट्रिय प्रतिवद्धता | १० लाख |
| १६ | हिलिहाङ दरवार शौचालय निर्माण | ७ लाख |
| १७ | अध्यक्ष तथा उपाध्यक्ष बाट छनौट भएको योजना | १८ लाख |
| १८ | ६ नं. स्वास्थ्य चौकी | ४० लाख |
| १९ | अन्य योजना कार्यक्रम | ३० लाख |
| २० | ३ नं. सामुदायिक भवन पुन:निर्माणको लागि | १५लाख |
| २१ | विषयगत समिति तर्फ | ५ करोड ४७ लाख ५० हजार |
| २२ | वडा कार्यालय तर्फ | २ करोड ६३ लाख |

१९. आम हिलिहाङ वासीको माग र अपेक्षालाई सम्वोधन गर्नको लागि प्रत्येक वडामा वडागत योजना संचालनको गर्नको लागि कुनै पनि वडालाई विभेद नहुने गरी समानुपातिक रुपमा रु २ करोड ६३ लाख विनियोजन गरेको छु।

२०. गाउँपालिका अध्यक्ष उपाध्यक्ष संग लक्षित कार्यक्रम संचालनको गर्नको लागि रु १८ लाख विनियोजन गरेको छु।

२१. हिलिहाङ गाउँपालिका भित्रका सामाजिक, आर्थिक, राजनीतिक रुपमा पछाडी परेका दलित, माझी र जोगी समुदायका अति विपन्न घर परिवारका आधारभूत/ माद्यमिक तहका विद्यार्थीहरूलाई पोशाक प्रोत्साहनको लागि  वितरण गर्ने गरी आवश्यक रु ३ लाख बजेट विनियोजन गरेको छु।

२२. हिलिहाङ गाउँपालिका ऐतिहासिक, धार्मिक तथा पर्यटकीय स्थानको प्रचार प्रचार विकास गरी आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गर्ने गरी हिलिहाङ पर्यटकिय गूरुयोजना निर्माण गर्ने कार्यको लागि रु १० लाख बजेट विनियोजन गरेको छु ।

२३. स्थानीय कला साँस्कृती तथा परम्परालाई जोगाई राख्न र सामाजिक पहिचान कायम गर्ने गरी **पालिका भित्रका मौलिक नाम तथा थातथलोको खोजी** कार्यको लागि ३ लाख बजेट विनियोजन गरेको छु ।

२४. कृषि क्षेत्रको उत्पादन र उत्पाकत्व वृद्धि गर्ने ध्ययेका साथ प्रत्येक वडामा कृषक/कृषि फर्म/कृषक समूह/कृषि सहकारीको प्रस्तावना मागमा आधारित ५०% साझेदारीमा व्यवसायिक कृषि कार्यक्रमको लागि बजेट १ लाख ७५ हजार विनयोजन गरेको छु ।

२५. स्थानीय तहमा नै रोजगारी सृजना गर्ने गरी **आत्म निर्भर नागरिक निमार्ण** गर्ने ध्ययेका साथ लघु उद्यम विकास कार्यक्रम सञ्चालनको लागि रु १० लाख विनियोजन गरेको छु ।

२६. गाउँपालिका आगामी आ.व. २०८१/०८२ देखि नै **सम्पती कर** लागु गर्ने गरी सो सम्पती कर सम्बन्धी परामर्शको लागि रु ५ लाख विनियोजन गरेको छु ।

अब म यस गाउँपालिकाको कार्यालयबाट संचालन हुने मुख्यमूख्य कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**पुर्वाधार विकास तर्फ**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा निर्दिष्ट भएको अधिकारहरुको प्रभाबकारी रुपमा कार्यान्वयन गर्दे हिलिहाङ गाउँपालिकाको समग्र विकासमा चाहिने अत्यावश्यक भौतिक संरचनाहरु क्रमश निर्माण गर्दै लगिने कार्यनीति अवलम्बन गरिने छ ।

१. पाँचशैया अस्पतालको कार्य सम्पन्न गरि हिलिहाङ बासीलाई गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागि पुर्वाधार तयारीका लागि ३ करोड विनियोजन गरेको छु ।
२. स्थानीय सरकार संचालनको लागि आवश्यक संरचनाको ठेक्का आह्वान भएको र प्रशासकीय भवन निर्माणका लागि २ करोड रुपैंया विनियोजन गरिएको छ । प्रदेश समपुरक अन्तर्गत वडा नं २ को वडा कार्यालय भवन गाउँपालिकाबाट रु ४३ लाख विनियोजन गरिएको छ ।
३. गाउँपालिकाका विभिन्न पुर्वाधार मर्मत तथा विभिन्न भवन निर्माणमा सृर्जित दायित्व भुक्तानीका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

**कार्यालय संचालन, सेवा प्रवाह र सुशासन**

गाउँपालिका, अन्तर्गतका निकायहरु, वडा कार्यालय संचालनका लागि कर्मचारी सेवा सुविधा, पारिश्रमिक, पदाधिकारी सेवा सुविधा, कार्यालय संचालन, मर्मत तथा व्यवस्थापनका लागि रु ५ करोड ५३ लाख विनियोजन गरेको छु ।

१. सेवा निवृत्त हुदाँ वा सेवामा रहँदा कर्मचारीको सेवा सुविधाका लागि कर्मचारी कल्याण कोषका लागि रु १० लाख विनियोजन गरेको छु ।

३. डिजिटल नागरिक वडा पत्र, कर्मचारी क्षमता विकास तालिम र आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरि सेवा प्रवाह लाई चुस्त दुरुस्त, छरितो र प्रविधिमैत्री बनाउनका लागि १९ लाख रुपैंया विनियोजन गरेको छु ।
४. पहाडी क्षेत्र तथा गाउँपालिकाबाट विभिन्न कारणले बसाईसराई गरि जाने कार्यलाई निरुत्साहन तथा बसाई सरी आउने कार्यलाई प्रोत्साहन कार्यक्रम संचालनका लागि ३ लाख रुपैंया विनियोजन गरेको छु ।
५. डिजिटल भिलेज प्रोफाईल निर्माण, तमोर लिफ्टिङ सिंचाई आयोजना, मध्यमकालिन खर्च संरचना निर्माण, सम्पत्तीकर लागू गर्न आवश्यक परामर्श सेवा र हिलिहाङ पर्यटकीय गूरुयोजना निर्माण, पालिका भित्रका मौलिक नाम तथा थातथलोको खोजी र विभिन्न पुँजीगत परामर्शका लागि रु ४८ लाख रकम विनियोजन गरेको छु ।

## सामाजिक विकास तर्फ

१. गाउँपालिकाले दायित्व बहन गर्ने गरि सृजना गरिएको शिक्षा र स्वास्थ्य तर्फ विभिन्न कर्मचारीहरुको सेवा सुविधाको लागि आवश्यक रकम विनियोजन गरिएको छ ।
२. आधारतहका विद्यार्थिको स्थानीय पाठ्यक्रम निर्माण सामुदायिक तथा निजी विद्यालयमा पठन पाठन गर्ने गरी सो निर्माणको लागि रु ७ लाख विनियोजन गरेको छु ।
३. एस. इ. इ. र पालिका स्तरीय आधारभूत तह कक्षा आठ परिक्षामा ३.६५ जि.पि.ए. तथा सो भन्दा माथि प्राप्त गर्ने मध्येबाट सर्वोत्कृष्ट एक-एक जना छात्र-छात्रा प्रोत्सहान गरिने छ जसको लागि रु १ लाख बजेट विनियोजन गरेको छु ।
४. सामुदायिक माध्यमिक विद्यालयममा कार्यरत विद्यालय सहायकहरुको पालिकाबाट दिँइदै आएको तलब भत्तामा रू. ३ हजारले बृद्धि गरेको छु । जसको लागि चार लाख उन्तीस हजार बजेट विनियोजन गरेको छु ।
५. युवा तथा खेलकुद कार्यक्रम तर्फ, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अध्यक्ष रनिङ भलिबल कप, अन्तरपालिका खेलाडी सहभागिता बढाई खेलकुद विकासका तथा व्यवस्थानपको लागि रु १९ लाख विनियोजन गरेको छु ।
६. सामुदायिक बाल विकास केन्द्र अध्ययनरत बालवालिको मानसिक तथा संवेगात्मक विकास गर्न असल सिकाईको लागि बाल विकास केन्द्र शैक्षिक सामाग्री व्यवस्थापनको लागि रु १ लाख ५० हजार विनियोजन गरेको छु ।
७. **स्वच्छ हिलिहाङ स्वस्थ हिलिहाङ वासी भन्ने नारालाई** साकार पार्न निःशुल्क स्वास्थ्य सेवा प्रवाहका निःशुल्क औषधि वितरण, ल्याब केमिकल खरिद्, सेटेलाईट क्लिनिक संचालन तथा व्यवस्थापनका लागि २० लाख ५० हजार रुपैंयाँ विनियोजन गरेको छु ।
८. आर्थिक रुपमा **विपन्न सुत्केरी महिलासँग उपाध्यक्ष कार्यक्रम** निरन्तरता दिएको छ यसको लागि रु ३ लाख विनियोजन गरेको छु ।
९. हिलिहाङ गाउँपालिकालाई वि.स. २०८३ पुर्ण बालमैत्री पालिका घोषणा गर्ने लक्ष्यलाई पुरा गर्न क्रमश: बालमैत्री वडा घोषणा कार्यक्रमको लागि १८ लाख विनियोजन गरेको छु ।
१०. **अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम संचालनका** लागि रु ३० लाख ९० हजार विनियोजन गरेको छु ।
११. आयुर्वेद आरोग्य केन्द्र व्यवस्थापनका लागि रु ३ लाख रकम विनियोजन गरेको छु ।
१२. अशक्त तथा असाह्य जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षण तथा उपचारका लागि रु ३ लाख रकम विनियोजन गरेको छु ।

## आर्थिक विकास तर्फ

१. कृषि तथा पशुपंक्षी तर्फका एक गाउँ एक प्राविधिक कार्यक्रम र कृषि स्नातक करार कर्मचारी र सामाजिक सुरक्षा तथा पंजिकरण इकाईमा कार्यरत कर्मचारी र सूचना प्रविधि अधिकृतको प्रदेश तथा संघीय सरकारसँगको साझेदारीमा सेवा सुविधा बापत रु अठार लाख साठी हजार रुपैंयाँ विनियोजन गरेको छु ।

२. कृषिमा आकस्मिक रोग किरा बाट कृषकलाई हुने क्षति न्युनिकरण र ति रोग तथा किरा नियन्त्रण गरी बाली संरक्षण गर्ने उद्देश्यका साथ कृषकहरु संगको लागत साझेदारी गर्ने गरी **आकस्मिक रोग किरा नियन्त्रण गर्न बाली संरक्षण कार्यक्रम (७५% अनुदानमा)** कार्यक्रम सञ्चालन हुने गरी रु ३ लाख विनियोजन गरेको छु ।

३. कृषिलाई जीवन निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिककरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी ग्रामिण गरिवि न्युनिकरण गर्ने कृषकलाई कृषि कार्यमा प्रोत्साहित गर्ने हेतुले युवा स्वरोजगार विकास तथा युवा लक्षित कार्यक्रम सञ्चालनको लागि सवै वडाको लागि रु ७ लाख विनियोजन गरेको छु ।

४. पशुपालन कृषकको लागि पशु संग सम्वन्धीत विभिन्न रोगबाट बचाउन, निशुल्क पशु उपचारमा पशु खोप (जस्तैः रेविज, पि.पि.आर. लम्पी आदि) खरीद, ढुवानी र व्यवस्थापन पशु औषधी खरीद, ढुवानी तथा व्यवस्थापनको लागि रु २० लाख विनियोजन गरेको छु ।

५. विभिन्न पशुपन्छीमा लाग्ने रोगहरू रोकथाम तथा नियन्त्रण बारे कृषकहरूलाई सचेतनामूलक कार्यक्रम सञ्चालन, निशुल्क पशु विमा कार्यक्रम, कृत्रिम गर्भधान मिसन कार्यक्रम लागि रु ७ लाख ९० हजार विनियोजन गरेको छु ।

६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सृजना, निर्माण सामाग्रि खरिद र सुरक्षा सामाग्री उपलब्ध गराई मर्यादित कामका लागि रु ७ लाख विनयोजन गरेको छु ।

७. सहकारी संस्थालाई स्थलगत प्राविधिक सहयोग, लेखा व्यवस्थापन तथा कोपोमिस तालिम संचालन गरि सक्षम र चुस्त दुरुस्त बनाईराख्न रु ५ लाख रकम विनियोजन गरेको छु ।

८. गरिवि निवारण, लघु उद्यम विकास कार्यक्रम संचालन गरि सिप तथा क्षमता विकास कार्यक्रम संचालन र प्रविधि हस्तान्तरणका लागि रु १० लाख विनियोजन गरेको छु ।

**अब म आगामी आर्थिक बर्ष २०८१/०८२ को राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

२७. आगामी आर्थिक बर्षको राजश्व नीति र करका दरहरु निर्धारिण गर्दा निम्नानुसारको राजश्व परिचालन नीति अङ्गिकार गरेको छु ।

क. सरोकारवालाहरुसँगको समन्वयमा करका दायरा तथा क्षेत्र विस्तार गर्ने ।

ख. राजश्व प्रशासनलाई प्रविधिमैत्री बनाईने छ ।

ग. राजश्व प्रशासन कार्यमा प्रत्यक्ष सम्लग्न जनशक्तिको विकास गरिने छ ।

घ. राजश्व सुधार कार्ययोजनाले दिएका सुझाबहरुलाई अङ्गिकार गरी कर सहभागिता अभिबृद्धि गर्ने ।

ङ. राजश्व परामर्श समतिको प्रतिबेदन लगायत स्थलगत रुपमा अध्ययन गर्ने

२८. अन्त्यमा, बजेट तर्जुमा सिलसिलामा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्षज्यू,  सभा सदस्यज्युहरु प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत गाउँपालिका कर्मचारी, राजनैतिक दल, निजी क्षेत्र, नागरिक समाज, पत्रकार आम सरोकारवालबाट प्राप्त सल्लाह सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट कार्यान्वयनमा पालिका बासी आम नागरिक, स्थानीय जनप्रतिनिधिहरु, नागरिक समाज, निर्माण व्यवसायी, उपभोक्ता समिति, सम्पुर्ण राष्ट्रसेवक कर्मचारी लगाएतको सरोकारवाला सबैको साथ सहयोग र समर्थन रहने अपेक्षा गरेको छु । आगमी आर्थिक वर्षको लागि तय गरेको नीति कार्यक्रम तथा बजेट प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाको भौतिक पूर्वाधार आर्थिक सामाजिक सास्कृतिक एवं मानव विकासका क्षेत्रमा सकारात्मक प्रभाव पार्ने भएकोले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षहरुबाट सदा झैँ निरन्तर सहयोगको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

—धन्यवाद–